# <u>आवासीय विद्यालय सञ्चालन कार्यविधि, २०७६</u>

**<u>प्रस्तावना</u>**

नागरिकले राज्यबाट आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क र माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्ने तथा बागमती प्रदेश भित्रका सामुदायिक विद्यालयलाई आवासीय विद्यालयको सुविधा उपलब्ध गराउने सामाजिक विकास मन्त्रालयको आ. व. २०७६।०७७ को वार्षिक कार्यक्रम समेतको कार्यान्वयन गर्न बान्छनीय भएकोले,

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद - १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१)** कार्यविधिको नाम "आवासीय विद्यालय सञ्चालन कार्यविधि,२०७६" रहेको छ ।

**(२)** यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "आवासीय विद्यालय" भन्नाले सामुदायिक विद्यालयबाट आवास सुविधासहित पठनपाठनको व्यवस्था गर्ने विद्यालयलाई सम्झनुपर्छ ।

(ख) "आवसीय विद्यालय सञ्चालन समन्वय समिति" भन्नाले यस कार्यविधिको दफा ६ अनुसार गठित समितिलाई सम्झनुपर्छ।

(ग) "कार्यक्रम" भन्नाले आवासीय विद्यालय सञ्चालन अनुदान कार्यक्रमलाई सम्झनु पर्छ।

(घ) "छात्रावास व्यवस्थापन समिति" भन्नाले यस कार्यविधिको दफा ११ अनुसार गठित समितिलाई सम्झनुपर्छ।

(ङ) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय, बगमती प्रदेशलाई सम्झनुपर्छ

(च) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## उद्देश्य

३. **उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छ :-

(क) प्रदेशभित्र आवासीय विद्यालय सञ्चालनका लागि मापदण्ड अनुरूप सम्भाव्य विद्यालयहरू एकिन गर्नु,

(ख) आवासीय विद्यालयबाट प्राप्त हुने सेवा सर्त र सुविधा निर्धारण गर्नु,

(ग) आवासीय विद्यालय सञ्चालनको अनुदान र खर्च प्रक्रिया निर्धारण गर्नु,

(घ) आवासीय विद्यालयको रेखदेख र गुणस्तर सुनिश्चित गर्नु ।

## परिच्छेद - ३

## आवासीय विद्यालय निर्देशक समिति र समन्वय समितिको व्यवस्था

४. **आवासीय विद्यालय निर्देशक समिति :** कार्यक्रमलाई व्यवस्थित र प्रभावकारीरूपमा सञ्चालन गर्न देहायबमोजिमको एक आवासीय विद्यालय निर्देशक समिति रहनेछ:-

(क) सचिव, सामाजिक विकास मन्त्रालय - संयोजक

(ख) प्रमुख, शिक्षा हेर्ने, सामाजिक विकास मन्त्रालय - सदस्य

(ग) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सद्सय

(घ) मन्त्रालय अन्तर्गतका (इन्जिनियर) प्रतिनिधि - सदस्य

(ङ) निर्देशक, शिक्षा विकास निर्देशनालय - सदस्य-सचिव

५. **आवासीय विद्यालय निर्देशक समितिको काम, कर्तव्य र अधिकार :** आवासीय विद्यालय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) आवासीय विद्यालय सञ्चालन सम्बन्धी नीति निर्माण गर्ने,

(ख) आवासीय विद्यालयको विनियम स्वीकृत गर्ने,

(ग) कार्यविधि बमोजिमको मापदण्ड पूरा गर्ने आवासीय विद्यालयको प्रस्ताव स्वीकृत गर्ने,

(घ) आवासीय विद्यालयको अनुगमन गर्ने, गराउँने,

(ङ) आवासीय विद्यालय सञ्चालन सम्बन्धी सरोकारवालालाई निर्देशन दिने,

(च) आवासीय विद्यालयको शैक्षिक गुणस्तर सुनिश्चित गर्न आवश्यक कार्य गर्ने ।

६. **आवासीय विद्यालय सञ्चालन समन्वय समिति:** (१) कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको एक आवासीय विद्यालय सञ्चालन समन्वय समिति रहने छ:-

(क) निर्देशक, शिक्षा विकास निर्देशनालय - संयोजक

(ख) महाशाखा प्रमुख, शैक्षिक योजना तथा अनुसन्धान महाशाखा, सामाजिक विकास मन्त्रालय - सदस्य

(ग) शाखा प्रमुख, शिक्षक सेवा/ विद्यालय व्यवस्थापन शाखा, शिक्षा विकास निर्देशनालय - सदस्य

(घ) आवासीय विद्यालय सञ्चालन भएका स्थानीयतहका शिक्षा हेर्ने प्रमुख -सदस्य

(ङ) आवासीय विद्यालयका प्रधानाध्यापक, शिक्षकहरूमध्ये एकजना महिला पर्नेगरी समितिले मनोनित गरेको दुईजना -सदस्य

(च) शाखा प्रमुख, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय - सदस्य सचिव

(२) आवश्यकता अनुसार तीनजनासम्म सम्बन्धित क्षेत्रको सम्भाव्य अध्ययन वा कानुनविद्लाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

७. **आवासीय विद्यालय सञ्चालन समन्वय समितिको काम, कर्तव्य र अधिकार:** आवासीय विद्यालय सञ्चालन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आवासीय विद्यालयको अनुसूची-१ बमोजिमको दरखास्त छानविन गरी आवासीय विद्यालयको छनोट गर्ने,

(ख) आवासीय विद्यालयको सञ्चानका लागि अनुदान रकम निकाशा दिनका लागि सिफारिस गर्ने,

(ग) अनुसूची -२ को क्रमसङ्ख्या ५(च) अनुसार तोकिएको जिल्लाका स्थानीय तहहरूमा सम्भाव्यता अध्ययन गर्न खटिएको अध्ययन समूहले अध्ययन गरी प्राथमिकता निर्धारण गरी पेश गरेको प्रतिवेदन अनुसारका विद्यालयबाट प्रस्ताव माग गर्ने स्वीकृतिको लागि निर्देशक समितिमा पेश गर्ने,

(घ) आवासीय विद्यालयको सञ्चालनको अनुगमन र मूल्याङ्कन गरी पृष्ठपोषण दिने,

(ङ) आवासीय विद्यालयको आचारसंहिता र शैक्षिक गुणस्तरको अनुगमन गर्ने,

(च) आवासीय विद्यालय सञ्चालनमा स्थानीय तहसँग समन्वय गर्ने,

(छ) सामाजिक विकास मन्त्रालयबाट तोके बमोजिम अन्य कार्यहरू गर्ने ।

## परिच्चेद -४

## आवासीय विद्यालय छनोटका प्रस्ताव तथा न्यूनतम आधार सम्बन्धी व्यवस्था

८. **आवासीय विद्यालय छनोटको लागि प्रस्ताव माग गर्ने:** अनुसूची-२ बमोजिमको कार्यविवरण अनुसार सम्भाव्यता अध्ययन समूहको अध्ययन प्रतिवेदनको आधारमा निर्देशनालयले प्रस्ताव माग गर्नेछ ।

९. **आवासीय विद्यालय छनोटको न्यूनतम आधार :** आवासीय विद्यालय छनोट हुनको लागि देहाय बमोजिमको न्यूनतम आधार पूरा गरेको हुनुपर्ने छ:-

(क) विद्यालयको कम्तिमा २० रोपनी जग्गाको सुनिश्चितताको लागि सम्बन्धित स्थानीय तहबाट सिफारिस भएको हुनुपर्ने छ ।

(ख) माध्यमिक तहसम्म सञ्चालन भएको विद्यालय हुनुपर्ने छ ।

(ग) आवासीय विद्यालय सञ्चालनका लागि स्थानीय तहले साझेदारी गर्ने प्रतिबद्धता हुनुपर्ने छ ।

## परिच्छेद -५

## आवासीय विद्यालय सञ्चालन विनियम सम्बन्धी व्यवस्था

१०. **आवासीय विद्यालय सञ्चालनको विनियम सम्बन्धी व्यवस्था** (१) आवासीय विद्यालय सञ्चालन गर्न चाहने विद्यालयले आवासीय विद्यालय सञ्चालन सम्बन्धी विनियम बनाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिने विनियममा देहायका विषय क्षेत्रहरू समेटीनुपर्नेछ:-

(क) प्रस्तावना

(ख) भौतिक सुविधा

(ग) आवासीय विद्यालय प्रयोग रणनीति

(घ) छात्रावास सञ्चालन सम्बन्धी व्यवस्था

(ङ) आवासीय विद्यालयको रेखदेख संयन्त्र

(च) शिक्षक विद्यार्थी आचारसंहिता

(छ) विद्यार्थी भर्ना

(ज) विद्यार्थी सहयोग: खाना, खाजा, सामग्री तथा अन्य व्यवस्था

(झ) शिक्षक र कर्मचारीको सेवा सर्त सुविधा

(ञ) शैक्षिक सुशासन

(ट) स्रोत व्यवस्थापन

(ठ) आर्थिक कार्यप्रणाली

(ड) सामाजिक परीक्षण

(ढ) गुनासो व्यवस्थापन

(ण) शिक्षक, विद्यार्थीहरूको सरसफाइ र स्वास्थ्य सम्बन्धी व्यवस्था

(त) प्रतिवेदन

(३) आवासीय विद्यालयको सञ्चालन विनियम विद्यालय व्यवस्थापन समितिबाट पारित गराई स्थानीय तहको सिफारिसमा निर्देशनालयबाट स्वीकृत गरी लागु गर्नुपर्ने छ ।

## परिच्छेद -६

## छात्रावास सञ्चालन सम्बन्धी व्यवस्था

११. **छात्रावास व्यवस्थापन समितिः** (१) आवासीय विद्यालयमा छात्रावास सञ्चालन तथा रेखदेख गर्नको लागि देहाय बमोजिमको छात्रावास व्यवस्थापन समिति रहनेछः-

(क) सम्बन्धित विद्यालयका प्रधानाध्यापक -संयोजक

(ख) सम्बन्धित वडाको महिला सदस्य एक जना - सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिको सदस्यमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरी पठाएको एकजना - सदस्य

(घ) छात्रावास व्यवस्थापन समितिले मनोनित गरेको कम्तिमा एकजना छात्रा सहित दुईजना विद्यार्थी प्रतिनिधि - सदस्य

(ङ) प्रधानाध्यापकद्वारा मनोनित एकजना शिक्षक प्रतिनिधि - सदस्य

(च) छात्रावास वार्डेन -सदस्य सचिव

(२) छात्रावास व्यवस्थापन समितिको मनोनित सदस्यको पदावधि एक आर्थिक वर्षको हुनेछ ।

१२. **छात्रावास व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः** छात्रावास व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) छात्रावासमा राखिने विद्यार्थीको सङ्ख्या र सुविधाको यकिन गर्ने,

(ख) छात्रावासको सामग्रीको रेखदेख गर्ने,

(ग) छात्रावासमा बस्ने विद्यार्थीको अभिलेख व्यवस्थपान चुस्त दुरुस्त राख्ने,

(घ) छात्रावासको रेखदेख गर्ने कर्मचारीको व्यवस्था गर्ने,

(ङ) छात्रावासमा बस्ने विद्यार्थीको पठनपाठनको अनुगमन गर्ने,

(च) छात्रावासमा अनुशासनयुक्त सिकाइ वातावरणको निर्माण गर्ने,

(छ) छात्रावासमा गर्न हुने र गर्न नहुने कार्यहरू एकिन गरी सरोकारवालालाई जानाकारी गराउने,

(ज) छात्रावासमा भएको आम्दानीलाई प्रचलित आर्थिक कार्यविधि पुरा गरी आम्दानी खर्चको हिसाब राख्ने र सो खर्चको समर्थन विद्यालय व्यवस्थापन समितिबाट गराउने ।

१३. **छात्रावास सञ्चालन सम्बन्धी व्यवस्थाः** आवासीय विद्यालयले निर्देशनालय र विद्यालयवीच सम्झौता गरी छात्रावास सञ्चालन गर्नुपर्ने छ ।

१४. **<u>छात्रावास सञ्चालनको लागि न्यूनतम् सर्त</u>:** छात्रावास सञ्चालन गर्ने विद्यालयले देहाय बमोजिमका न्यूनतम सर्त पुरा गरेको हुनुपर्ने छ:-

**(क) छात्रावासको स्थान:**

(१) छात्रावासमा सुरक्षाको राम्रो प्रबन्ध गरिएको हुनुपर्ने छ ।

(२) छात्रावासमा विपत्त तथा वातारणीय व्यवस्थापन (भूकम्प, बाढी पहिरो, आगलागी, वन्यजन्तुको आक्रमण, न्यून जोखिम भएको तथा अपराध हुलदङ्गा, औद्योगिक उत्पादन रासायनिक र ध्वनी प्रदुषणको कम) लाई ध्यानदिएको हुनुपर्ने छ ।

(३) छात्रावास सडक सुविधा भएको स्थानमा हुनुपर्ने ।

**(ख) छात्रावास परिसरमा सुरक्षाको प्रबन्ध:**

(१) छात्रावासमा सुरक्षित घेराबारको व्यवस्था भएको हुनुपर्ने छ ।

(२) छात्रावासको प्रवेशद्वारमा सङ्केत गर्ने घण्टीको व्यवस्था हुनुपर्ने छ ।

(३) विद्यालय छात्रावास वरपर बत्तीको व्यवस्था भएको हुनुपर्ने छ ।

**(ग) शिक्षण भवन र छात्रावास भवन:**

(१) विद्यालयले शिक्षणका लागि छुट्टै भवन र छात्राबासमा छात्र छात्राको लागि छुट्टा छुट्टै भवनको व्यवस्था गर्नुपर्ने छ ।

(२) भवन तथा ढोकाहरूको साइज कम्तिमा लम्बाई ६.५ फिट र चौडाई ३.५ फिटको हुनुपर्ने छ ।

(३) विद्यालयले छात्रावास तथा आवासीय कोठाहरूको ढोका, झ्याल, दराज, आदिमा अपाङ्ग मैत्रीका साथै सबै बालबिलकाको सहज पहुँच पुग्ने र सुरक्षित हुनेगरी व्यवस्थापन गरिएको हुनुपर्छ ।

(४) विद्यालयले आकस्मिक विपद्को अवस्थामा निकाश दिन सुरक्षित भऱ्याङ/ निकाशद्वार तथा विपद् पूर्व तयारी औजारको व्यवस्था गर्नुपर्ने छ ।

**(घ) बसाइ व्यवस्थापन:**

(१) शैक्षणिक कार्यको अतिरिक्त आवासमा विद्यालयले कोठाभित्र टेबुल, कुर्सी, ऱ्याक, दराज, विद्यार्थीका लागि छुट्टा छुट्टै पलङ, डस्ना, तन्ना तकिया, मौसमअनुसारको सिरक र झुलको व्यवस्था गरिएको हुनुपर्दछ ।

(२) विद्यार्थीका अविभावक आउँदा भेटघाट गर्न प्रतिक्षालयको व्यवस्था हुनुपर्ने छ।

**(ङ) शौचालय तथा सरसफाइ:**

(१) विद्यालयले शैक्षणिक भवन तथा आवासका लागि छात्रावासको छुट्टा छुट्टै शौचालयको व्यवस्था गर्नुपर्ने छ ।

(२) विद्यालय र आवासको शौचालयमा सरसफाइ र पानीको प्रबन्ध गरिएको हुनुपर्दछ ।

(३) शौचालयमा छात्राहरूलाई स्यानेटारीप्याडको व्यवस्था गर्ने प्रावधान भएको हुनुपर्ने छ ।

**(च) अन्य भौतिक व्यवस्था:**

(१) छात्रावासको भवनको कोठाहरू तथा शौचालयमा अपाङ्गता भएका बालबालिकाको पहुँचका लागि Ramp निर्माण गर्नुपर्ने र ढोकाको साइज व्हिल चेयर छिर्ने गरी निर्माण गर्नुपर्ने छ । भवनमा पर्याप्त प्रकाश तथा हावा आवतजावत हुनसक्ने गरी निर्माण गर्नुपर्ने छ ।

(२) छात्रावास सञ्चालनका लागि प्रति विद्यार्थी ३० वर्ग फिट क्षेत्रफल पर्ने गरी तथा बौद्धिक अपाङ्गता भएका तथा व्हिल चेयर प्रयोग गर्ने विद्यार्थीका हकमा प्रति विद्यार्थी ३५ वर्ग फिट क्षेत्रफल पर्ने गरी बसाइ व्यवस्थापन गर्नुपर्ने छ ।

(३) छात्रावास परिसरभित्र सफा र स्वच्छ पिउने पानीको व्यवस्थाका लागि युरोगार्ड र ३० जना विद्यार्थी बराबर ८००० लिटर पानी ट्याङ्की राख्नुपर्ने छ । साथै बाल तथा अपाङ्ग मैत्री धारा निर्माण गर्नुपर्ने छ ।

(४) छात्रावासमा २० जना विद्यार्थीका लागि कम्तीमा दुई ओटा शौचालय (युरिनल समेत भएको) तथा दुई ओटा स्नान घरको व्यवस्था गर्नुपर्ने छ । स्नान घर तथा शौचालय छात्र र छात्राका लागि छुट्टै गर्नुपर्ने छ ।

(५) भान्सा कोठा सफा सुग्धर तथा स्वास्थ्यमा प्रतिकुल असर नपर्ने गरी निर्माण गर्नुपर्ने छ

(६) एक पटकमा कम्तीमा २० जना विद्यार्थीका लागि एकसाथ भेटघाट गर्नसक्ने एउटा प्रतिक्षालय र भेटघाट कक्षको व्यवस्था गर्नुपर्ने छ ।

(७) विद्यार्थी आवासको लागि सहजरूपमा सुत्न मिल्ले शयन कक्षको व्यवस्था गर्नुपर्नेछ ।

(८) छात्रावासमा पर्याप्त मात्रामा घरभित्र र घरबाहिर खेलिने खेल सामग्रीसहितको खेल मैदानको व्यवस्था गर्नुपर्ने छ ।

(९) छात्रावास परिसरमा वैकल्पिक उर्जाको व्यवस्था गर्नुपर्ने छ ।

(१०) छात्रावासका विद्यार्थीहरूका लागि पर्याप्त मात्रामा प्रकाश भएको छुट्टै अध्ययनकक्षको व्यवस्था गर्नुपर्ने छ ।

(११) छात्रावास परिसरका भौतिक संरचनाहरूको नियमित मर्मत सम्भारको व्यवस्था गर्नुपर्ने छ

**(छ) छात्रावासमा सन्तुलित खानाको व्यवस्था:**

(१) छात्रावासले दैनिक न्यूनतम २२२० क्यालोरी पर्नेगरी साप्ताहिक रूपमा खाना र खाजाको तालिका तयार गरी डाइनिङ कक्षमा टाँस गर्नुपर्ने छ ।

(२) बालबालिकको शारीरिक तथा मानसिक विकासका लागि पर्याप्त पौष्टिक खानाको व्यवस्था संघीय स्वास्थ्य मन्त्रालयबाट तयार भएको पोषण मापदण्ड अनुसारको हुनुपर्ने छ ।

(३) खाना र खाजामा कार्बोहाइड्रेट, खनिज, भिटामिन र प्रोटिनको मात्रा सन्तुलित हुनुपर्ने छ । यसका लागि मौसम अनुसारको तरकारी तथा फलफुलको व्यवस्था गर्नुपर्ने छ । दैनिक खाना खाजाको तालिका बनाई सो अनुसार खाना खाजा खुवाउनुपर्नेछ ।

(४) हप्तामा कम्तीमा एकपटक माछा मासुको व्यवस्था गर्नुपर्ने छ । माछा मासु नखानेका लागि मौसमअनुसारको फलफुलको व्यवस्था हुनुपर्ने छ ।

(५) छात्रावासमा अभिभावकले ल्याएकोभन्दा अरु कसैले ल्याएको वा अन्य कुनै प्रयोजनले पकाएको खाना लैजान नदिने व्यवस्था गर्नुपर्ने छ ।

(६) विद्यार्थीहरूलाई छात्रावास बाहिर अर्कै प्रयोजनका लागि पकाएको खानेकुरा खुवाउनु हुँदैन ।

(७) खाना तयार गर्ने र खाने ठाउँ सफा र बालबालिकाका लागि सुविधाजनक हुनुपर्दछ । धेरै गर्मी हुने ठाउँमा भोजनकक्ष सितल पार्ने व्यवस्था हुनुपर्दछ ।

(८) विद्यार्थीहरूलाई स्वास्थ्यको कारणले बाहेक अन्य कारणले खाना निषेध गर्न वा खान कर लगाउनु हुँदैन ।

**(ज) छात्रावासका विद्यार्थीहरूको सुरक्षा:**

(१) अनिवार्य रूपमा चौकीदारको व्यवस्था भएको हुनुपर्ने छ ।

(२) विद्यार्थीहरूलाई लामो बिदाको समयमा बाबु, आमा र अभिभावकले लिन नआएमा उनीहरूलाई त्यस अवधिमा त्यहीँ बस्ने व्यवस्था गर्नुपर्ने छ । सकेसम्म लामो अवधिमा घर जान प्रोत्साहित गर्नुपर्ने छ।

(३) प्राकृतिक प्रकोप तथा मानवीय सङ्कटबाट सिर्जित विपद् बाट बालबालिकाको सुरक्षाका लागि पूर्व तयारीको उचित प्रबन्ध गर्नुपर्ने छ । साथै सुरक्षा सूचना संयन्त्र (आकस्मिक साइरन र बत्ती) को व्यवस्था गर्नुपर्ने छ ।

(४) विद्यार्थीहरूलाई छात्रावासबाट बाहिर लैजान वा भेटघाट गर्न आउने सबै व्यक्तिका बारेमा आगन्तुक पुस्तिकामा अभिलेख राख्नुपर्नेछ ।

(५) छात्रावासमा बस्न आउँदाको समयमा नै विद्यार्थीहरूलाई छात्रावासबाट बाहिर लैजान वा भेटघाट गर्न आउने व्यक्तिको सूची हरेक विद्यार्थीको व्यक्तिगत फाइलमा राख्नुपर्ने छ । बालबालिकाहरूलाई छात्रावासबाट बाहिर पठाउँदा विद्यालयमा राखिएको सूची अनुसारका व्यक्तिसँग मात्र पठाउनुपर्ने छ।

(६) छात्रावास व्यवस्थापनले छात्र छात्राहरूलाई छात्रावासबाट घर जाने वार्षिक कार्यतालिका तयार गरी अभिभावकलाई तालिका उपलब्ध गराउनुपर्ने छ ।

(७) छात्रावासमा बाबु, आमा वा अभिभावक भेट्न आउँदा तोकिएको तालिकाअनुसार भेटघाट गर्ने व्यवस्था गर्नुपर्ने छ ।

**(झ) बाल संरक्षण :**

(१) शारीरिक तथा मानसिक र भावनात्मक हिंसा तथा दुर्व्यवहारबाट संरक्षणको प्रबन्ध गर्नुपर्ने छ।

(२) विद्यार्थीहरूलाई सबै प्रकारका शारीरिक तथा मानसिक एवम् भावनात्मक हिंसा, शारीरिक सजाय, दुर्व्यवहार, अपहेलना, सार्वजनिक बेइज्जती, गिज्याउँने, होच्याउने तथा मर्यादामा आँच आउने खालका बोली, व्यवहार र कार्य गर्न हुने छैन र त्यसबाट जोगाउन विशेष सतर्कता अपनाउनु पर्नेछ ।

(३) छात्रावासभित्र कुनै पनि प्रकारको हातहतियार (हिंसात्मक क्रियाकलापमा प्रयोग हुनसक्ने) ल्याउन निषेध गर्नुपर्ने छ ।

(४) छात्रावासले अभिभावक, विद्यार्थी तथा स्थानीय प्रहरीसँग समन्वय गरी विद्यार्थीहरूलाई शारीरिक हिंसा, जिस्क्याउँने काम, शोषण, अपहरण तथा कुलतबाट सुरक्षित राख्न विशेष सतर्कता अपनाउनुपर्ने छ ।

(५) बालमैत्री वातावरणमा शिक्षण सिकाइको व्यवस्था गर्नुपर्ने छ ।

(६) शारीरिक सजाय निषेध गर्नुपर्ने छ । अनुशासन पालन गर्न र विद्यालय तथा छात्रावासको नियम पालना गर्न गराउन सकारात्मक उपाय अपनाउनुपर्ने छ ।

**(ञ) आचारसंहिता :**

(१) अनिवार्य रूपमा बालसंरक्षण नीति, आचार संहिता, उजुरी तथा सुनुवाइको प्रक्रिया तर्जुमा गरी लागु गर्नुपर्ने छ । उक्त नीतिबारे छात्रावासका सबै बालबालिका, वार्डेन तथा कर्मचारीहरूलाई अभिमुखीकरण गर्नुपर्ने छ ।

(२) छात्रावास वार्डेन, छात्रावास व्यवस्थापन समिति, कर्मचारीहरू तथा विद्यार्थीका लागि उनीहरूकै सहभागितामा छुट्टाछुट्टै आचारसंहिता तयार गरी सबैले देख्ने गरी टाँस गर्नुपर्ने छ ।

(३) विद्यार्थीमाथि छात्रावासका कर्मचारी वा अन्य कसैबाट पनि हुनसक्ने शारीरिक तथा मानसिक दुर्व्यवहार, हेपाइजन्य व्यवहार र अन्य हिंसालाई शून्य सहनशीलता कायम गर्ने आचारसंहिता बनाई लागु गर्नुपर्ने छ ।

(४) विद्यार्थीहरूलाई इन्टरनेट अनलाइनबाट हुनसक्ने दुव्र्यवहारबाट सुरक्षित रहन सचेत गराउनुपर्ने छ ।

(५) छात्रावासको वार्डेन तथा कर्मचारीहरू नियुक्ति गर्दा नै उनीहरूबाट बालबालिकामाथि कुनै खालको दुर्व्यवहार नहुने सुनिश्चितताका लागि बाल संरक्षण नीति र आचार संहितामा लिखित प्रतिबद्धता लिनुपर्ने छ ।

(६) बालसंरक्षण सुनिश्चित गर्न औपचारिक/अनौपचारिक उजुरी तथा सुनुवाई सम्बन्धित वार्डेन, स्थानीय तहमा बालसंरक्षण सम्बन्धी हेर्ने व्यक्ति वा संस्था र जिल्ला छात्रवृत्ति व्यवस्थापन समितिमा गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

**(ट) बाल संरक्षणसम्बन्धी उजुरी तथा सुनुवाइ:** बाल संरक्षणसम्बन्धी उजुरी तथा सुनुवाइ गर्न तिन सदस्यीय बाल संरक्षण समिति गठन गर्नुपर्ने छ। सो समितिले बाल संरक्षण नीति तथा आचारसंहिताको पालना गरे नगरेको अनुगमन तथा रिपोर्टिङ गर्नुपर्ने छ ।

**(ठ) खेलकुद अतिरिक्त क्रियाकलाप र मनोरन्जन:**

(१) छात्रावासमा दैनिकरूपमा केही समय (बिदाको दिन बाहेक) मनोरञ्जनका लागि समय छुट्याउनुपर्ने छ । मनोरञ्जनका लागि सवै बालबालिकाको पहुँचमा हुने गरी टेलिभिजनको व्यवस्था गरी बेलुका ३० मिनेट टेलिभिजन हेर्ने व्यवस्था गर्नुपर्दछ । साथै विद्यार्थीहरूलाई नियमित शारीरिक व्यायाम तथा सिर्जनात्मक अभ्यास गर्न पाउने व्यवस्था समेत गर्नुपर्ने छ ।

(२) छात्रावासमा खेलकुद र मनोरञ्जनको सामग्रीहरूको व्यवस्था हुनुपर्ने छ । साथै विद्यार्थीहरूलाई छात्रावासभित्र र बाहिर आयोजना भएको वा हुने खेलकुद, साहित्यिक, साङ्गीतिक लगायतका सिर्जनात्मक क्रियाकलापमा भाग लिन प्रोत्साहित गर्नुपर्ने छ ।

(३) मनोरञ्जन, खेलकुद वा अन्य कार्यक्रममा सहभागी हुँदा विद्यार्थीहरूलाई दुर्घटना वा अन्य खतराबाट जोगाउन सधैँ ध्यान दिनुपर्ने छ ।

(४) छात्रावासमा सदन वा बालक्लबको व्यवस्था गर्नुपर्ने छ । छात्रावासका विद्यार्थीहरूका लागि बालक्लबमा सामेल भएर काम गर्न प्रोत्साहित गर्नुपर्ने छ । सदनको नामाकरण गर्दा नेपालका प्राकृतिक स्थल वा राष्ट्रिय सम्पदा वा अन्य राष्ट्रिय महत्त्वका विषय हुनुपर्ने छ ।

(५) उमेर र परिपक्वता अनुरूप विद्यार्थीलाई छात्रावासको सञ्चालन (खाना, स्वास्थ्य, शिक्षा, खेलकुद) लगायतका कुराहरूमा सहभागी गराउनुपर्ने छ ।

(६) अन्तर सदन अतिरिक्त क्रियाकलापको व्यवस्था गर्नुपर्ने छ ।

**(ड) स्वास्थ्य र स्वास्थ्योपचारको व्यवस्था:**

(१) छात्रावासमा प्राथमिक उपचारको व्यवस्था गर्नुपर्ने छ । प्राथमिक उपचार बाकसको व्यवस्था गर्नुपर्ने छ र त्यहाँका कर्मचारीमध्ये कम्तीमा एक जनाले प्राथमिक उपचार सम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्दछ ।

(२) छात्रावासमा विद्यार्थी बिरामी पर्दा आराम कक्षको व्यवस्था गर्नुपर्ने छ । साथै विद्यार्थीहरूलाई सङ्क्रमित रोग लागेमा छुट्टै राख्ने व्यवस्था गर्नुपर्ने छ ।

(३) कम्तीमा महिनाको एकपटक विद्यार्थीहरूको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गर्नुपर्ने छ । यसका लागि जिल्ला जनस्वास्थ कार्यालय, अस्पताल वा स्थानीय स्वास्थ केन्द्रसँग समन्वय गर्नुपर्ने छ ।

(४) प्रत्येक बालबालिकालाई आधारभूत खोप सेवाको सुनिश्चितता गर्नुपर्ने छ ।

(५) नियमित स्वास्थ्य परीक्षणपश्चात् विशेषज्ञ स्वास्थ सेवा आवश्यकता भएमा उनीहरूका अभिभावकलाई जानकारी गराउनुपर्ने छ ।

(६) छात्रावासका विद्यार्थीहरू गम्भीर रूपमा बिरामी भएमा वा निजलाई गम्भीर चोटपटक लागेमा परिवारका सदस्य वा बालबालिकाले इच्छाएको व्यक्ति वा संस्थालाई उपलब्ध भएसम्म छिटो साधनद्वारा जानकारी दिनुपर्ने छ ।

(७) छात्रावासमा दुर्घटना वा आपतकालीन अवस्था आइपरेमा तुरुन्त सूचना दिने सङ्केतको व्यवस्था गर्नुपर्ने छ ।

(८) विद्यार्थीहरूलाई घाउचोट लागेमा वा बिरामी भएमा तुरुन्त उपयुक्त उपचारको व्यवस्था गरीहाल्नुपर्ने छ ।

(९) प्रत्येक बालबालिकालाई व्यक्तिगत सरसफाइको सुनिश्चतता गर्नुपर्ने छ । जस्तै टुथ ब्रस, मन्जन, नेलकटर, साबुन, टावेलको छुट्टाछुट्टै व्यवस्था गर्नुपर्ने छ ।

**(ढ) पुस्तकालय:**

(१) प्रत्येक छात्रावासमा वाचनालयसहितको पुस्तकालयकक्षको छुट्टै व्यवस्था मिलाइएको हुनुपर्ने छ । यस प्रकारको पुस्तकालयमा कम्तीमा दश जना विद्यार्थी एकै साथ बसेर पढन, सुन्न, हेर्न सक्ने कोठा हुनुपर्ने छ ।

(२) पुस्तकालयमा पाठ्यपुस्तक, मनोरञ्जन सामग्री, सन्दर्भ सामग्री, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, वैज्ञानिक, भौगोलिक, नैतिक तथा आध्यात्मिक पुस्तकहरू सङ्ग्रहित भएको हुनुपर्ने छ । साथै स्थानीय मातृभाषाका पुस्तकहरू पनि आवश्यकताअनुसार राख्नुपर्ने छ ।

(३) सूचना प्रविधिमा आधारित सामग्रीसमेतको व्यवस्था मिलाइएको हुनुपर्ने छ ।

(४) अपाङ्गता भएका विद्यार्थीहरूका लागि अपाङ्गताको प्रकार अनुसारका सामग्रीहरू (जस्तै दृष्टिविहीनका लागि ब्रेललिपि, सुस्त श्रवण भएकाहरूका लागि दृष्य सामग्रीहरू) को व्यवस्था गर्नुपर्ने छ ।

(५) छात्रावास भएको विद्यालयको स्वामित्वमा पुस्तकालय भएमा सो छात्रावासमा रहने विद्यार्थीहरूले विद्यालय समयभन्दा बाहेक कम्तीमा दुई घण्टा पुस्तकालय प्रयोग गर्न पाउने व्यवस्था मिलाउनुपर्ने छ ।

(६) अश्लील प्रकृतिका र विचारलाई दुष्प्रभावित पार्ने किसिमका पुस्तकहरू पुस्तकालयमा सङ्कलित गर्न हुनेछैन।

(७) पुस्तकालयमा राष्ट्रियस्तर तथा स्थानीयस्तरका दैनिक, साप्तहिक, पाक्षिक लगायतका पत्रपत्रिकाहरू छुट्टा छुट्टै फाइलमा सङ्कलित गरी विद्यार्थीहरूलाई अध्ययनको व्यवस्था मिलाउनुपर्ने छ । समितिले वा निजी क्षेत्रबाट सञ्चालित छात्रावासको हकमा छात्रावास व्यवस्थापन समितिले गर्नुपर्ने छ :

**(ण) अन्य व्यवस्था:**

(१) दैनिक बिहान कम्तीमा तीस मिनेट योग, ध्यान, व्यायाम गर्ने व्यवस्था अनिवार्य गर्नुपर्ने छ ।

(२) अतिरिक्त कार्यको रूपमा गीत, सङ्गीत, भजन, कीर्तन, नृत्य, कथा वाचन, चित्र बनाउने जस्ता क्रियाकलापहरू समय तालिका बनाई सञ्चालन गर्नुपर्ने छ ।

(३) छात्रावास वार्डेन तथा अन्य कर्मचारीलाई बालमनोपरामर्श विशेषज्ञबाट तालिम उपलब्ध गराई विद्यार्थीहरूलाई मनोसामाजिक सहयोग उपलब्ध गर्नुपर्ने छ ।

(४) विद्यार्थीहरूलाई वृत्ति विकास, साथी छनोट, स्वव्यवस्थापन, तनाव व्यवस्थापन, समय व्यवस्थापन, उचित आहार विहार जस्ता विषयमा सम्भाव्य अध्ययन बाट परामर्श सेवा उपलब्ध गराउने र विद्यार्थीहरूबाट आउने गुनासाहरू सुन्ने र समाधान गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(५)प्रत्येक दिन विद्यार्थीहरूले आआफनो दिनभरको क्रियाकलाप, आफूलाई कुनै समस्या भएमा त्यस्ता कुराहरू पालैपालो सङ्क्षिप्त रूपमा अनुभव आदान प्रदान गर्ने गराउनुपर्ने छ ।

(६)दैनिक रूपमा छात्रावासमा रहने सबैजनाको सहभागितामा उत्सव मनाउने जस्तै कथा, चुट्किला भन्नेव्यवस्था मिलाउनुपर्ने छ ।

(७)बालबालिकामा आउने उमेरअनुसारको शारीरिक, मानसिक र संवेगात्मक परिवर्तनको बारेमा अग्रिम जानकारी गराई मानसिक तयारी गराउनुपर्ने छ ।

(८)मनोसामाजिक समस्या भएमा त्यस्ता विद्यार्थीहरूलाई मनोचिकित्सक वा मनोविमर्शकर्ताबाट सहयोग दिलाउने व्यवस्था मिलाउनुपर्ने छ ।

(९)छात्रावासमा टेलिफोन, रेडियो, कम्प्युटर, इन्टरनेट र विद्युतको व्यवस्था गर्नुपर्ने छ ।

(१०) विद्यार्थीहरूलाई सिनेमा वा भिडियो र टेलिभिजन हेर्ने र इन्टरनेट प्रयोग गर्न दिँदा उमेर र वैयक्तिक अवस्थाअनुसार उचित संरक्षणको व्यवस्था मिलाउनुपर्ने छ ।

## परिच्छेद-७

## विविध

१५. **आवासीय विद्यालयको गुरुयोजना निर्माण र स्वीकृत प्रक्रिया :** (१) आवासीय विद्यालयले देहायका कागजात समेत संलग्न हुने गरी आवासीय विद्यालय निर्माणको गुरुयोजना निर्माण गरी शिक्षा विकास निर्देशनालयमा पेश गर्नुपर्ने छ:-

(क) Architecture Drawing

(ख) Structural Drawing

(ग) Electrical Drawing

(घ) Sanitary Drawing

(ङ) Cost Analysis

(२) प्रयोग भइरहेका विद्यालय भवनको हकमा दफा १८ (क) र १८ (ख) बमोजिम गर्नुपर्ने छ।

(३) विद्यालयले निर्देशनालयबाट प्राप्त सुझावलाई समेत समावेश गरी स्थानीय तहबाट गुरुयोजना स्वीकृत गराई सोको सक्कलै प्रति निर्देशनालयमा पेश गर्नुपर्ने छ ।

१६. **आवासीय विद्यालय गुरुयोजना मूल्याङ्कन समिति :** (१) आवासीय विद्यालय गुरुयोजना मूल्याङ्कनका लागि देहायको एक आवासीय विद्यालय गुरुयोजना मूल्याङ्कन समिति रहने छ:-

(क) निर्देशक, निर्देशनालय -संयोजक

(ख) महाशाखा प्रमुख, शैक्षिक योजना तथा अनुसन्धान महाशाखा, मन्त्रालय - सदस्य

(ग) शाखा प्रमुख, योजना तथा कार्यक्रम, निर्देशनालय - सदस्य

(घ) मूल्याङ्कन समितिले मनोनित गरेको सिभिल इन्जीनियर, एक जना - सदस्य

(ङ) संयोजकले तोकेको, निर्देशनालयको योजना तथा कार्यक्रम शाखाका अधिकृत - सदस्य सचिव

(२) आवासीय विद्यालय गुरुयोजना मूल्याङ्कन समितिले दुई जनासम्म विज्ञलाई आवासीय विद्यालय गुरुयोजना मूल्याङ्कन समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

१७. **आवासीय विद्यालय गुरुयोजना मूल्याङ्कन समितिको काम , कर्तव्य र अधिकार :** आवासीय विद्यालय गुरुयोजना मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) गुरुयोजनाको मूल्याङ्कन ढाँचा निर्माण गर्ने ।

(ख) गुरुयोजनाको मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने ।

(ग) आवश्यकता अनुसार गुरुयोजना निर्माणको मार्गदर्शन निर्माण गर्ने।

१८. **<u>आवासीय विद्यालयले बनिबनाउ संरचनाको प्रयोग गर्ने सम्बन्धी व्यवस्था</u>:** आवासीय विद्यालय सञ्चालन गर्ने विद्यालयले देहायको प्रकृया पुरा गरेर मात्र बनिबनाउ संरचनालाई आवासीय विद्यालय प्रयोजनमा प्रयोग गर्नुपर्छ:-

(क) विद्यालयले प्रयोग गरिरहेको भवनको विद्यालयको आर्किटेक्चरल डिजाइन सहितको Detailed Project Report (DPR) भए सो पेस गर्नुपर्ने छ ।

(ख) विद्यालयले प्रयोग गरिरहेको भवनको विद्यालयको आर्किटेक्चरल डिजाइन सहितको Detailed Project Report (DPR) नभए ती भवनहरूको प्राविधिक परीक्षण गरी शिक्षा विकास निर्देशनालयबाट अनुमति लिएर मात्र ती भवनहरूमा आवास गृह सञ्चालन गर्नुपर्ने छ।

१९. **<u>आवासीय विद्यालय व्यवस्थापन</u>**: (१) आवासीय विद्यालयको व्यवस्थापनमा निर्देशनालयले एकमुष्ट अनुदान रकमको व्यवस्था गर्नेछ । उक्त रकमबाट अवासीय विद्यालयले देहाय बमोजिमका शीर्षकमा खर्च गर्न सक्नेछ:-

(क) विद्यार्थी आवास, खाना, खाजाको व्यवस्था,

(ख) प्राथमिक उपचार,

(ग) शिक्षक तालिम,

(घ) थप शिक्षक र कर्मचारीको व्यवस्था,

(ङ) वैकल्पिक/सौर्य उर्जा,

(च) खानेपानी सुविधा,

(छ) अतिरिक्त कृयाकलाप सम्बन्धी सामग्री,

(ज) भौतिक सुविधा निर्माण र सुदृढीकरण,

(झ) पुस्तकालय, ल्याव, शैक्षिक सामग्री ।

(२) उपदफा (१) अनुसारको रकम खर्च गर्दा प्रचलित ऐन नियमको परिधिभित्र रही विद्यालय व्यवस्थापन समितिको निर्णयबाट गर्नुपर्ने छ ।

२०. **<u>स्थानीय तहसँगको साझेदारी</u>**: (१) कार्यक्रम सञ्चालन गर्न प्रस्ताव पेश गर्ने विद्यालयले निर्देशनालय र कार्यक्रम सञ्चालन हुने विद्यालय रहने स्थानीय तह बीच हुने साझेदारी सम्बन्धी स्थानीय तहको कार्यपालिकाको निर्णय सहितको प्रतिवद्धता पत्र पेश गर्नुपर्ने छ।

(२) निर्देशनालय र कार्यक्रम सञ्चालन हुने विद्यालय रहने सम्बन्धित स्थानीय तहको परिषद्बाट निर्णय गरी सम्बन्धित स्थानीय तह बीच छ महिना भित्र उपदफा (१) बमोजिमको साझेदारी गर्नुपर्ने छ।

२१. **<u>अनुदान निकाशा र खर्च प्रक्रिया</u>** : (१)छनोट भएका विद्यालयहरूलाई निर्देशनालयले कार्यक्रम व्यवस्थापन र अनुगमन मूल्याङ्कन वापत सम्झौता अनुसारको रकममा कन्टिन्जेन्सी वापत एक प्रतिशत रकम कट्टा गरी विद्यालयको खातामा अनुदान रकम निकाशा दिनुपर्नेछ ।

(२) आवासीय विद्यालय सञ्चालन गर्ने विद्यालयले उपदफा (१) बमोजिम प्राप्त भएको रकम खर्च गर्दा प्रचलित ऐन नियम अनुसार गर्नुपर्ने छ।

२२. **<u>लेखा तथा लेखापरीक्षण:</u>** अनुदान खर्चको लेखा राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी अनुदानग्राही विद्यालयको हुनेछ । साथै आर्थिक वर्ष समाप्त भएको नब्वे दिनभित्र लेखापरीक्षण गराई निर्देशनालयमा प्रतिवेदन पठाउनु पर्नेछ ।

२३. **<u>बाधा अडकाउ फुकाउने अधिकार</u> :** कार्यविधि कार्यान्वयन गर्ने क्रममा बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

२४. **<u>अनुसूची हेरफेर</u> :** कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयले अनुसूचीहरूमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

# अनुसूची - १

(दफा ७ को खण्ड (क) सँग सम्बन्धित)

**आवासीय विद्यालय सञ्चालनका लागि दरखास्त फाराम**

श्रीमान् निर्देशक ज्यू,

शिक्षा विकास निर्देशनालय

बागमती प्रदेश, हेटौडा, नेपाल ।

विषय : आवासीय विद्यालयको लागि दरखास्त पेश गरिएको ।

महोदय,

निर्देशनालयको मिति.............................................को सूचना अनुसार यस विद्यालयले आवासीय विद्यालय सञ्चालन प्रस्ताव तयार गरी पेश गरिएको छ । आवासीय विद्यालय सञ्चालन गर्नका लागि देहायबमोजिमको विवरण, विद्यालयको प्रस्ताव र आवासीय विद्यालय सञ्चालन विनियमावली यसैसाथ संलग्न राखि पेश गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**आवासीय विद्यालय सञ्चालन प्रस्ताव**

**१ : परिचय खण्ड**

विद्यालयको नामः

ठेगाना :

प्रधानाध्यापकको नामः मो. न. इमेलः

परियोजनाको नामः

परियोजनाको लागत:

परियोजनको खर्चको स्रोतः

परियोजना सुरु हुने मितिः

परियोजना सम्पन्न मितिः

**२. विद्यालयको विवरण**

| **क्र.स.** | **भौतिक विवरण** | **सङ्ख्या** | **अवस्था** | **क्षेत्रफल** | **स्रोत** |
|---|---|---|---|---|---|
| ०१ | विद्यालय भवन | | | | |
| ०२ | कक्षा कोठा | | | | |
| ०३ | पुस्तकालय | | | | |
| ०४ | शौचालय पुरूष | | | | |
| ०५ | शौचालय महिला | | | | |
| ०६ | स्टाफ शौचालय | | | | |
| ०७ | खेल मैदान | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ०८ | आइसिटी ल्याब | | | | |
| ०९ | विषयगत प्रयोगशाला | | | | |
| १० | चमेना गृह | | | | |
| ११ | छात्रावास | | | | |
| १२ | स्टफ रुम छुट्टै | | | | |
| १३ | अन्य | | | | |

**३. विद्यालयको जनशक्ति विवरण**

| **क्र.स.** | **विद्यालयको जनशक्ति विबरण** | **योग्यता** | **तह** | **विषय** | **तालिम** | **अस्थायी नियुक्ति मिति** | **स्थायी नियुक्ति मिति** |
|---|---|---|---|---|---|---|---|
| ०१ | प्रधानाध्यापक | | | | | | |
| ०२ | शिक्षक (विषयगत र तहगत) | | | | | | |
| ०३ | आइसिटी शिक्षक | | | | | | |
| | विद्यालय कर्मचारी | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**४. विद्यार्थी विवरण**

| क्र.स. | कक्षा | छात्रा | छात्र | जम्मा | दलित | सीमान्तकृत | लोपोन्मुख | अपाङ्ग | विपन्न | जनजाति | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**५. शैक्षिक उपलब्धि (तीन वर्षको GPA मा)**

| क्र.स. | कक्षा | परीक्षामा सम्मिलित जम्मा | ३.६ भन्दा माथि ४.० सम्म | ३.२ भन्दा माथि ३.६ सम्म | २.८ भन्दा माथि ३.२ सम्म | २.४ भन्दा माथि २.८ सम्म | २.० भन्दा माथि २.४ सम्म | १.६ भन्दा माथि २.० सम्म | १.२ भन्दा माथि १.६ सम्म | ०.८ भन्दा माथि १.२ सम्म | ०.८ र सो भन्दा कम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | | | | | | | | | | |
| २ | २ | | | | | | | | | | |
| ३ | ३ | | | | | | | | | | |
| ४ | ४ | | | | | | | | | | |
| ५ | ५ | | | | | | | | | | |
| ६ | ६ | | | | | | | | | | |
| ७ | ७ | | | | | | | | | | |
| ८ | ८ | | | | | | | | | | |
| ९ | ९ | | | | | | | | | | |
| १० | १० | | | | | | | | | | |
| ११ | ११ | | | | | | | | | | |
| १२ | १२ | | | | | | | | | | |

*नोटः  प्रत्येक वर्षको छुटटा छुट्टै सिकाइ उपलब्धि  तालिका बनाउनुपर्ने छ।*

**६. आवसीय विद्यालय सञ्चालनको नपुग हुने भौतिक पूर्वाधार तथा शैक्षिक जनशक्ति विवरण**

**७.कार्यप्रकृया**

क. विद्यार्थी आवास सहितको पठनपाठनको रणनीति

ख. आवासीय विद्यालय सञ्चालन विनियम

ग. आवासीय विद्यालय कार्यप्रणाली सुनिश्चितता समितिको व्यवस्था

८. लागत इस्टिमेट

९ गुणस्तर नियन्त्रण (स्थानीय तहको प्राविधिकबाट हुनुपर्ने सोको सुनिश्चितताको पत्र)

१० कार्यसम्पन्न प्रतिवेदन (विशेषज्ञ र सम्बन्धित वडा)

११ सम्झौता अनुसारको निकाशा र भुक्तानी प्रकृया

**प्रस्ताव साथ पेश हुनुपर्ने कागजातहरू**

(१) विद्यालयको विनियम (सबै पेजमा विव्यसको दस्तखतसहित)

(२) स्थानीय तहको सिफारीस र स्थानीय तहले गर्ने साझेदारीको आर्थिक तथा कार्यक्रमगत किटानी पत्र

(३) शिक्षा विकास तथा समन्वय इकाइको सिफारीस

(४) विद्यालय भवनको नक्सा

(५) विद्यालयको फोटो

(६) विद्यालयको जग्गाको लालपुर्जा

# अनुसुची -२

**(दफा ८ सँग सम्बन्धित)**

**आवासीय विद्यालय छनोटको लागि सम्भाव्यता अध्ययन समूहको कार्यविवरण**

**आवासीय विद्यालय सञ्चालन सम्भाव्यता अध्ययन प्राविधिक समूह गठन र कार्यक्रम प्राविधिक समूहको कार्य विवरण (Terms of Reference-ToR)**

**१. शन्दर्भ (Context)**

प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्रदेश अन्तरगत आवासीय विद्यालय सञ्चालन गर्ने व्यवस्था भएको शन्दर्भमा सङ्घीय सरकारबाट पाँच जिल्लामा आवासीय विद्यालय सञ्चालनका लागि रु १५,००,००,०००।- (रु.पन्ध्र करोड) को व्यवस्था भई यस निर्देशनालयलाई बजेट कार्यक्रम अख्तियारी प्राप्त भयो । प्रदेश सरकारका लागि यो नयाँ अनुभव हो । आवासीय विद्यालयको छनोट कार्यलाई छिटो, सहभागितामूलक, लक्षित वर्ग उन्मुख, दिगो व्यवस्थापन, स्तरीयता र पारदर्शी बनाई सम्वत् २०७७ को सुरुमा आवासीय विद्यालय सञ्चालन गर्न आवासीय विद्यालय सम्भाव्यता अध्ययन हुनु जरुरी छ।

विद्यालय शिक्षामा लगानीको तुलनामा सिकाइ उपलब्धि घटिरहेको छ । विद्यार्थीको सिकाइ उपलब्धि बढाउन विद्यार्थीको सिक्ने समय वृद्धि, शिक्षणमा सूचना प्रविधिको प्रयोग, शिक्षक विद्यार्थी अन्तरक्रियात्मकतामा वृद्धि र सुविधायुक्त बसाइ, खाना र खाजाको आपुरणजस्ता प्रयासले महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । माध्यमिक तहको शिक्षाको खुद् भर्नादर ४३.९% जुन आधारभूत तहको खुद् भर्नादर ९२.३ को तुलनामा आधाभन्दा कम हो। (पन्ध्रौं योजना आधार पत्र, २०७६) पन्ध्रौं योजनाको आधार पत्रलेले माध्यमिक तह (९-१२) को खुद् भर्नादर ६५ पुर्‍याउने लक्ष्यलाई परिपूर्ति गर्ने र शैक्षिक उपलब्धिलाई वृद्धि गरी विद्यालय शिक्षामा देखिएको निराशालाई हटाउन आवासीय विद्यालयको सञ्चालन गर्न आवश्यक देखिन्छ ।

२. उद्देश्य:

यो कार्यविवरणको उद्देश्य निम्नानुसार रहेका छन्:

अ) आवासीय विद्यालय छनोटका लागि सम्भाव्य अध्ययन समूहको गठन गर्नु

आ) आवासीय विद्यालय छनोटका लागि सम्भाव्य अध्ययन समूहको कार्यविवरणसहित विद्यालयको पहिचान गर्नु

इ) आवासीय विद्यालय सञ्चालन सम्भाव्यता अध्ययन समूहको कार्यविवरण तयार गर्नु ।

३. सम्भाव्य अध्ययन समूहको कार्यक्षेत्र

(क) सिन्धुली, दोलखा, चितवन, धादिङ र सिन्धुपाल्चोक जिल्लाका जिल्ला सदरमुकाम बाहिर र नमुना विद्यालय विकास गर्न नपरेका माध्यमिक विद्यालयहरू

(ख) विद्यालय भवन

(ग) आवासीय विद्यालयको लागि जग्गाको उपलब्धता

(घ) विद्यालय र स्थानीय तहको साझेदारी सुनिश्चितता

(ङ) सबै मौसममा सवारी साधन चल्न सक्ने सडक सञ्जालको सुनिशचितता

(च) अल्यसङ्ख्यक, अति सीमान्तकृत, लोपोन्मुख र पिछडिएको वर्गमा शिक्षाको पहुँच

(छ) विद्यालयमा स्वच्छ पिउने पानीको सुनिश्चितता

(ज) न्यूनतम तहगत शिक्षकको व्यवस्था

(झ) आवासीय विद्यालय सञ्चालनमा विद्यालय व्यवस्थापनको तत्परता

४. **आवासीय विद्यालय सम्भाव्यता अध्ययन समूहको गठन देहाय बमोजिम हुनेछ:**

अ. धादिङ, चितवन

| | |
|---|---|
| क. शिक्षा विकास निर्देशनालय, अधिकृत दसौँ | -संयोजक |
| ख. अधिकृत प्रतिनिधि: शैक्षिक योजना तथा अनुसन्धान महाशाखा, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| ग. प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइ- धादिङ | -सदस्य |
| घ. इन्जिनियर सार्वजनिक निर्माण आयोजना कार्यन्वयन इकाई, गजुरी | -सदस्य |
| ङ. शिक्षा शाखा प्रमुख, सम्भाव्यता अध्ययनमा परेको स्थानीय तह | - सदस्य-सचिव |

आ. सिन्धुली, सिन्धुपाल्चोक र दोलखा

| | |
|---|---|
| क. शिक्षा विकास निर्देशनालय, अधिकृत दसौँ | -संयोजक |
| ख. अधिकृत प्रतिनिधि: शैक्षिक योजना तथा अनुसन्धान महाशाखा, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| ग. प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइ - दोलाखा, सिन्धुपाल्चोक र सन्धुली | -सदस्य |
| घ. इन्जिनियर सार्वजनिक निर्माण आयोजना कार्यन्वयन इकाई, काभ्रे | -सदस्य |
| ङ. शिक्षा शाखा प्रमुख, सम्भाव्यता अध्ययनमा परेको स्थानीय तह | - सदस्य-सचिव |

५. सम्भाव्य अध्ययन समूहको कार्यविवरण

क. सम्भाव्य अध्ययन  समूहले संयुक्त रूपमा जिल्लाका स्थानीय तहमा भ्रमण गरी स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतहरूसँग अन्तरकृया गरी स्थानीय तहमा स्थलगतरूपमा निम्नानुसारका आधारमा आवासीय विद्यालय सञ्चालनको प्राथमिकता तोक्न लगाउनु पर्नेछ:

अ) आवासीय विद्यालयको लागि जग्गाको उपलब्धता

आ) विद्यालय र स्थानीय तहको साझेदारी सुनिश्चितता

इ) सबै मौसममा सवारी साधन चल्नसक्ने सडक सञ्जालको सुनिश्चितता

ई) अल्पसङ्ख्यक, अति सीमान्तकृत र पिछडिएको समुदायको शिक्षामा पहुँच

उ) विद्यालयमा स्वच्छ पिउने पानीको सुनिश्चितता

ऊ) न्यूनतम तहगत शिक्षकको व्यवस्था

ख. सम्भाव्य अध्ययन  समूह स्थानीय तहका प्रतिनिधिहरूले प्राथमिकतामा राखेका कम्तिमा तीनओटा विद्यालयमा गई माथि उल्लेख गरीएका आधारहरूको अवलोकन गर्नुपर्ने छ।

ग. सम्भाव्य अध्ययन  समूहले तीन ओटा विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक , शिक्षक र वडाका जनप्रतिनिधि र विद्यालय वरपर रहेका अभिभावकहरूसँग माथिका क्षेत्रहरू सुनिश्चिततामा उहाँहरूको भूमिकाको छलफल गर्नुपर्ने छ ।

घ. सम्भाव्य अध्ययन  समूहले आवासीय विद्यालय सञ्चालनका लागि हालको भवन प्रयोग गर्न सकिने वा नसकिने एकिन गरी राय प्रसतुत गर्नुपर्ने छ ।

ङ. सम्भाव्य अध्ययन  समूहले अध्ययन गरेका विद्यालयहरूमा हाल अध्ययन गरिरहेका छात्रा, छात्र, दलित, जनजाती, सीमान्तकृत, लोपोन्मुख र पिछडिएका छेत्रका व्यक्तिहरूको सङ्ख्या र आवासीय विद्यालय सञ्चालन पश्चात् विद्यालमा विद्यार्थी भर्ना दरमा हुन सक्ने वृद्धिको प्रक्षेपण पेश गर्नुपर्ने छ ।

च. आवासीय विद्यालयको सम्भाव्यता अध्ययनका लागि छनोटमा परेका जिल्ला र स्थानीय तहहरू देहाय अनुसार छन्:

जिल्ला र स्थानीय तह

| जिल्ला | स्थानीय तह |
|---|---|
| सिन्धुपाल्चोक | जुगल गापा र पाँचपोखरी थाङपाल |
| दोलखा | जिरी र गौरीशंकर गापा |
| सिन्धुली | घ्याङ्लेक गाउँपालिका, दुधौली नगरापालिका र कमलामाईको सदरमुकाम बाहिरका विद्यालयहरू |
| चितवन | कालिका नपा, ईच्छाकामना र राप्ती नपा |
| धादिङ | बेनीघाट रोराङ र गजुरी |

छ. सकेसम्म अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडिएको वर्गका, छात्रा र जनजातीलाई पाइक पर्ने र आवासमा बसी अध्ययन गर्न सहज हुने, सामान्य स्वास्थ्य समस्या समाधान हुन सक्ने सुविधा नजिक भएको विद्यालको अध्ययन गर्नुपर्ने छ ।

ज. सम्भाव्य अध्ययन  समूहले देहाय बमोजिमका न्यूनतम सर्त पुरा भएका विद्यालयहरूको मात्र सम्भाव्यता अध्ययन गरी प्राथमिकीकरण गर्नुपर्ने छ:

(१) विद्यालयको कम्तीमा २० रोपनी जग्गाको सुनिश्चितता भएको ।

(२) माध्यमिक तहसम्म सञ्चालन भएको विद्यालय भएको ।

(३) आवासीय विद्यालय सञ्चालनका लागि स्थानीय तहले साझेदारी गर्ने प्रतिबद्धता भएको ।

झ. सम्भाव्य अध्ययन  समूहले विद्यालयको अध्ययनमा देहाय अनुसारका आधारहरू प्रयोग गरी प्राथमिकीकरण गर्नुपर्दछ:

| क्रस | आधार | विस्तृतीकरण | अङ्क |
|---|---|---|---|
| १ | विद्यालय भवन | | १० |
| | | क. आवासीय विद्यालय सञ्चालनका लागि कम्तीमा ५०० जनाका लागि शिक्षण र आवास सुविधासहितको भवन | १० |
| | | ख. आवासीय विद्यालय सञ्चालनका लागी  हाल २५० का लागि शिक्षण र आवास सुविधासहितको भवन | ८ |
| | | ग. आवासीय विद्यालय सञ्चालन गर्ने विद्यालयलाई अन्य स्रोतबाट कम्तीमा २५० जना विद्यार्थीलाई आवास सुविधा पुग्ने भवन निर्माणको सुनिश्चित भएको | ६ |
| २ | विद्यालयको नामको जग्गा | घ. विद्यालयको लागि २० रोपनी वा सो भन्दा बढी जग्गा भएको वा सो प्राप्त हुने अवस्था | १० |
| ३ | शिक्षक तथा कर्मचारी | ङ. विद्यालयमा तहगत रूपमा न्यूनतम शिक्षक सङ्ख्या भएको | ७ |
| ४ | सडक सञ्जालसँग आबद्धता | च. वर्षभरी आवातजात गर्न सकिने सडकसँग जोडिएको विद्यालय | ५ |
| ५ | खानेपानी सुविधा | छ. विद्यालयमा प्रयाप्त खानाको व्यवस्था भएको वा विद्यालय नजिक खानेपानीको स्रोत सुनिश्चित भएको | ५ |
| ६ | साझेदारी सुनिश्चितता | ज. स्थानीय तहले भवन निर्माण, शिक्षक दरबन्दी प्रदानमा साझेदारी गरिरहेको सो निरन्तरताको सुनिश्चितताको पत्र | ५ |

| | | | |
|---|---|---|---|
| | | झ. स्थानीय तहले भवन निर्माण, शिक्षक दरबन्दी प्रदानमा साझेदारी गर्ने सुनिश्चितताको पत्र | ३ |
| ७ | विद्यार्थी हित | ञ. विद्यालयको न्यूतम ५०० मिटर विद्यार्थीको सामान्य स्वास्थ्य समस्या समाधान गर्ने स्वास्थ्य केन्द्र भएको | २ |
| ८ | विधिवत विद्यालय व्यवस्थापनको व्यवस्था | ट. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक समितिको व्यवस्था | २ |
| ९ | विद्यालयको निर्णय प्रकृया | ठ. विद्यालयले नियमित बैठक बसी विद्यालयको शैक्षिक मुद्दामा छलफल गर्ने गरेको | २ |
| १० | पारदर्शिता | ड. विद्यालयले अभिभावक भेला, विधिवत सामाजिक परीक्षण गर्ने गरेको। | २ |
| जम्मा | | | ५० |